# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, जेठ ०३ गते, २०८१ साल (सङ्ख्या ०७

## भाग ३

### बागमती प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### <u>खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१</u>

**<u>प्रस्तावनाः</u>** खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८० (यस पछि मूल कार्यविधि भनिएको) को दफा ६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ६ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिम स्वीकृत भएका लाभग्राहीको विवरण स्थानीय तहले एकमुस्ट रुपमा शहरी विकास तथा भवन कार्यालयमा सम्झौताको लागि सिफारिस गर्नेछ।"

३. **<u>मूल कार्यविधिमा दफा १२ र दफा १३ थपः</u>** मूल कार्यविधिको दफा ११ पछि देहायबमोजिमको दफा १२ र दफा १३ थप गरिएको छः-

"**१२.** **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा वा बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१३.** **<u>कार्यविधिमा संशोधनः</u>** यो कार्यविधिमा प्रदेश सरकारले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ।"

**आज्ञाले,**
**अमृत श्रेष्ठ**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-